नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रेस विज्ञप्ति

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार असार १२ र १३ गते देशभरका विभिन्न सीमा नाकाहरूबाट ५,००५ जना नेपाली नागरिकहरू नेपाल प्रवेश गरेका छन् । हाल देशभर क्वारेन्टिन वेडहरूको संख्या ३,४०० बढी रहेको र करिव १२ प्रतिशत क्वारेन्टिन वेड मात्र प्रयोगमा आएका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता र नियम पालनाका लागि असार १० देखि १३ गतेसम्म ४५८ क्वारेन्टिन स्थलको अनुगमन भएको छ। हाल देशभर अक्सिजन र स्वास्थ्यकर्मीहरूको निगरानी सहितको १,७०० बढी आईसोलेसन सेन्टरहरू रहेका छन्। अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन असार १२ र १३ गतेका दिन देशभर ४९६ वटा अनुमगन गरिएको छ। अनुगमनको क्रममा देशभर पर्याप्त मात्रामा अक्सिजन सिलिण्डर मौज्दात रहेको छ । कोभिड संक्रमितको उपचारार्थ डेडिकेटेड रूपमा देशभर ४५० बढी अस्पतालहरू सञ्चालनमा रहेका छन् । सो अस्पतालहरूमा ४,३०० बढी एच.डि.यु वेडहरू रहेका छन्। संक्रमितहरूको उपचारका लागि देशभर २,२०० भन्दा बढी आइसियु वेड र ८०० वढीको संख्यामा भेन्टिलेटरको प्रबन्ध रहेको छ। देशभर संक्रमितहरूमध्ये असार १३ गतेका दिन ३,४५८ जना सामान्य वेडमा, ७९२ आइसियु वेड र २३० जना भेन्टिलेटरमा उपचाररत छन् । विगत २४ घण्टामा निषेधको आदेश उल्लघंन गर्ने १,७७९ सवारी साधनलाई कारवाही गरिएको छ भने मास्क प्रयोग नगरी हिंडडुल गर्ने २,४३२ जनालाई कारवाही गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगञ्ज, सुर्खेत र लुक्ला विमानस्थलवाट विभिन्न वायुसेवाले ३१ आन्तरिक उडान भरी जम्मा ११५ जना यात्रुको उद्धार गरेको छ। कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या १६ रहेको छ । अर्थ मन्त्रालयका अनुसार २८,५१,४१३ थान विभिन्न मेडिकल उपकरण तथा औषधीमध्ये २८,०१,९६८ थान फेस मास्क, २१,००० थान फेसशिल्ड, २६ थान मेडिकल/सर्जिकल फर्निचर, तीन थान मेडिकल भेन्टिलेटर, १८,३६० सर्जिकल गाउन, ३,१०० थान डिजिटल इन्फ्रारेड थर्मोमिटर, ५,१०२ थान पल्स अक्सिमिटर, १,००० थान सर्जिकल एप्रोन लगायतका उपकरण र कोभिड-१९ परीक्षण किट ८२ किलोग्राम पैठारी भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार उपत्यकामा ५,१७६ सिलिण्डर र उपत्यका बाहिर ६,९८५ सिलिण्डर गरी कुल १२,१६१ सिलिण्डर अक्सिजनको उत्पादन भइरहेको छ। यस बीचमा स्वास्थ्य सामाग्री पसल र मासु पसलको अनुगमन गरिएको छ। परराष्ट्र मन्त्रालयका अनुसार क्यानाडा सरकारले प्रदान गरेको २७ थान भेन्टिलेटर, १,८९० थान गाउन र १५,०४८ थान फेसशिल्ड प्राप्त भएको छ।

२०७८ असार १४

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np